**Consulate General of India**
**Birgunj (Nepal)**
*******

## Press Release

## Inauguration of High Impact Community Development Project (HICDP) in Dhanusha, Madhesh Province, Nepal

The new School Building of Baidyanath Devnarayan Public Model Secondary School, Tulsiyahi, Dhanusha, Madhesh Province built with Government of India's financial assistance, was jointly inaugurated today by Mr. Devi Sahai Meena, Consul General, Consulate General of India in Birgunj, and Mr. Jay Kumar Yadav, Chairman, Mukhiyapatti Musaharniya Rural Municipality.

2. The construction of the school building and allied facilities was undertaken as a High Impact Community Development Project (HICDP). It was implemented through the Mukhiyapatti Musaharniya Rural Municipality, Dhanusha.

3. Baidyanath Devnarayan Public Model Secondary School is one of the leading government schools in Dhanusha district. The school provides education from Early Childhood Development (ECD) to the 12th Standard. The school is affiliated to the Council for Technical Education and Vocational Training (CTEVT), and is offering an 18 month pre-diploma course in computers. The total number of students enrolled in the school is around 2500, of which 60% are girls.

4. Chairman, Mukhiyapatti Musaharniya Rural Municipality, School Management and other stakeholders expressed appreciation for the developmental support being provided by the Government of India. They expressed confidence that the new infrastructure would help enhance the learning environment and strengthen the education sector in the region.

5. As close neighbours, India and Nepal are engaged in wide-ranging and multi-sectoral cooperation. The implementation of HICDPs reflects the continued support of the Government of India in reinforcing the efforts of the Government of Nepal in achieving growth and development, apart from augmenting infrastructure in priority sectors.

Birgunj, (Nepal)
19th December, 2025

*****

भारतको महावाणिज्य दूतावास
बीरगंज (नेपाल)
*******

<u>प्रेस विज्ञप्ति</u>

## नेपालको मधेश प्रदेशको धनुषा जिल्लामा उच्च प्रभाव सामुदायिक विकास परियोजना **(HICDP)** को उद्घाटन

भारत सरकारको आर्थिक सहयोगमा मधेस प्रदेशको धनुषा जिल्लाको तुल्सीयाही स्थित बैद्यनाथ देवनारायण जनता नमुना माध्यमिक विद्यालयको नयाँ विद्यालय भवनको उद्घाटन श्री देवी सहाय मीना, महावाणिज्यदूत, भारतको महावाणिज्य दूतावास, बीरगंज (नेपाल) र श्री जय कुमार यादव, अध्यक्ष, मुखियापाटी मुसहरनिया गाउँपालिका द्वारा संयुक्त रुपमा गरियो ।

२. विद्यालय भवन र सम्बद्ध सुविधाहरूको निर्माण उच्च प्रभाव सामुदायिक विकास परियोजना (HICDP) अन्तर्गत गरिएको थियो। यो धनुषा जिल्लाको मुखियापट्टी मुसहरनिया गाउँपालिका मार्फत कार्यान्वयन गरिएको थियो।

३. बैद्यनाथ देवनारायण जनता नमुना माध्यमिक विद्यालय धनुषा जिल्लाको अग्रणी सरकारी विद्यालयहरू मध्ये एक हो। यस विद्यालयले प्रारम्भिक बाल विकास (ECD) देखि १२ कक्षासम्मको शिक्षा प्रदान गर्दछ। यो विद्यालय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) सँग सम्बद्ध छ र यसले कम्प्युटरमा १८ महिनाको प्रि-डिप्लोमा कोर्स प्रदान गर्दै आएको छ। यस विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको कुल संख्या लगभग २५०० छ, जसमध्ये ६०% छात्राहरू छन्।

४. मुखियापट्टी मुसहरनिया गाउँपालिकाका अध्यक्ष, विद्यालय व्यवस्थापन र अन्य सरोकारवालाहरूले भारत सरकारले प्रदान गरिरहेको विकासात्मक सहयोगको प्रशंसा गरे। उनीहरूले नयाँ पूर्वाधारले यस क्षेत्रमा शिक्षा वातावरण बढाउन तथा शिक्षा क्षेत्रलाई सुदृढ पार्न मद्दत गर्ने विश्वास व्यक्त गरे।

५. नजिकका छिमेकीहरूको रूपमा, भारत र नेपाल बीच व्यापक र बहु-क्षेत्रीय सहयोग हुँदै आएको छ। HICDPs को कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरूमा पूर्वाधार वृद्धि गर्नुका साथै वृद्धि र विकास हासिल गर्न नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ।

बीरगंज (नेपाल)
डिसेम्बर १९, २०२५

*******